राजगढ गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः९ संख्याः ५ मितिः२०८२ चैत्र २७ गते

## भाग २

# गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२

# गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्थापन सम्बन्धी खोजी उद्धार, राहत तथा पुनःस्थापना लगायत अनाधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम र नियन्त्रण लगायतको प्रचलित कानुनले तोके बमोजिमको कार्य सम्पादन गर्न प्रतिस्पर्धाको आधारामा सेवा करारमा गाउँ प्रहरीको नियुक्ति गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) मा व्यवस्था भएका कार्यहरुमा सहयोग पुऱ्याउनुको लागि वाञ्छनीय भएकोले, राजगढ गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद-१ प्रारम्भिक

**१. नियम नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२" रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "अध्यक्ष" भन्नाले राजगढ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(३) "कार्यविधि" भन्नाले राजगढ गाउँपालिकाको सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(४) "कार्यलय" भन्नाले राजगढ गाउँपालिकाको कार्यलय सम्झनु पर्दछ ।

(५) "गाउँ प्रहरी" भन्नाले कार्यविधि बमोजिम सेवा करारमा नियुक्त भएका गाउँप्रहरी लाई सम्झनु पर्दछ ।

(६) "समिति" भन्नाले दफा ६ को (२) बमोजिमको पदपुर्ती समितिलाई सम्झनु पर्दछ ।

(७) "गाउँपालिका" भन्नाले राजगढ गाउँपालिकालाई बुझनु पर्दछ ।

## परिच्छेद-२ गाउँ प्रहरीको गठन, रेखदेख र नियन्त्रण

**३. गाउँपालिका र गाउँ प्रहरीको सम्वन्धः** गाउँपालिकाको प्रशासन शाखा अन्तर्गत रहने गरी गाउँ प्रहरी नियुक्त गरिनेछ । समस्त गाउँप्रहरीका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको आधिकार प्राप्त अधिकृत प्रत्येक्ष रेखदेख र नियन्त्रणमा रहनेछ । गाउँ प्रहरी गाउँ कार्यपालिकाको कार्यालय प्रति उत्तरदायी हुनुपर्नेछ ।

**४. गाउँपालिकामा रहने गाउँ प्रहरीको संख्या, पद र तहः** गाउँपालिकामा रहने प्रहरीहरूको दरबन्दी संख्या, पद, तह र सेवा सुविधा सम्बन्धी गाउँ सभाले स्वीकृत गरेको दरबन्दी बमोजिम हुनेछ ।

## परिच्छेद-३ गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार

**५. गाउँ प्रहरीका काम, कर्तव्य र अधिकारहरुः** (क) ऐनको दफा ११ को उपदफा २ को खण्ड (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरुका अतिरिक्त गाउँ प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. सार्वजनिक आगमनामा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउदा लाग्ने खर्च र तोकिए बमोजिमका जरिवाना सम्बन्धित व्यक्ती वाट असुल उपर गर्ने ।

२. गाउँपालिका भित्र दैनिक उत्पन्न हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्ने लगाउने । सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिका अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्ने।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्ने गर्ने मापदण्ड विपरीत निर्माण देखिएको प्रमुखबाट भत्काउने आदेश दिएमा भत्काउने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु पन्छीहरू पक्राउ गरी आदेश बमोजिम व्यवस्थापन वा लिलाम गर्ने, गराउने ।

६. स्वास्थ्य लागि हानिकारक चीज तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने। तोकिएको मापदण्ड विपरीत सडेगलेको हानिकारक चीज वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाडन लगाउने। पटक पटक यस्तो कार्य दोहोर्‍याएमा जरिवाना गर्ने वा पसल बन्द गराउन राय साथ गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तु काटमार नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तु का मासु बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ अध्यक्ष समक्ष पेश गर्ने।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारबाही गर्ने। मरेका जीवजन्तु समयमै गाड्न लगाउने।

९. खतरा उत्पन्न हुने रुख काटन लगाउने। जोखिमपूर्ण घर पखाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने।

१० वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

राजपाड गाउँपालिका

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायीक समिति, उपसमिति तथा आयोजनाहरुमा लागू हुने नीति, नियम, ऐन र कानुनको कार्यान्वयन गर्ने।

१२. गाउँपालिकाको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको भवन, अचल सम्पत्ति, जग्गा, पार्क निर्माण, उपकरण आदिको सुरक्षा गर्ने।

१३. बिना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरूको दर्ता र नवीकरण गर्न लगाउने। बिना इजाजत मादक पदार्थको बिक्री वितरण गर्ने पसलहरुमा छानबिन गरी तोकिए बमोजिम कारबाही गर्ने। साथै मादक पदार्थ सेवन गरी होल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारबाही गर्ने।

१४. गाउँपालिकाको क्षेत्रमा निषेध भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामग्री तथा पोस्टर टास्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने। अटेर गर्नेलाई कारबाहीका लागि सिफारिस गर्ने।

१५. गाउँपालिकाबाट इजाजत नलिई वा गाउँपालिकाको स्वीकृत वर्गमा ब्यानर, होर्डिङ बोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाइएमा पक्राउ इजाजत लग्ने नमानेमा कारबाहीका लागि सिफारिस गर्ने ।

१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, मेला, मेला, झाँकी आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिमको जिम्मेवरी निर्वाह गर्ने ।

१७. बजार अनुगमन गर्ने, नापतोलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायीमा मुल्य सूची राख्न लगाउने तथा चेक गर्ने।

१८. होटल, रेस्टुरेन्ट, गेस्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायिक गतिविधिहरूको निरीक्षण गर्ने र मापदण्ड अनुरूप नचलेको पाइएममा कारबाहीको लागि पेश गर्ने । अवैध मादक पदार्थको बिक्री तथा वितरण र त्यस्तो सेवन गरेको पाइएममा आफ्नो गाउँपालिकामा जानकारी गराउने।

१९. गाउँपालिकाको सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धूम्रपान सेवन लगायतका विकृती जन्य क्रियाकलापको रोक लगाउने तजु जादु र सर्कस देखाउन गाउँ पालिकामा अनुमति लिए नलिएको जाँच गर्ने ।

२० व्यवसायीहरुले सडक क्षेत्र ओगटेर रेखाका सामानहरु हटाउन लगाउने, हटाउनु नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनि उत्पादन / प्रसारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनि, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक बाधा पुग्ने गरी उद्योग धन्दा संचालनमा रोक लगाउने ।

२२. बजार क्षेत्रमा तीव्र गतिमा सवारी साधनहरु चलन नदिने । गाउँपालिका भित्रका यातायातका साधन तथा मोटरसाइकल चालकहरु हुन पनि कागज नराखेको वा नभएको पाइएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।

२३. गाउँपालिकाको भित्रका निजी सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरूको सूची तयार गरी लगत राख्ने र निजहरूको अनुगमन गर्ने।

२४. दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग पुर्याउने।

२५. विपद्, महामारी भएमा खोजी, उद्धार तथा राहत पुनर्स्थापनाका लागि आदेश बमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने।

२६. गाउँपालिका भित्रका शाखा, योजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने।

२७. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरणको समय भित्र उपलब्ध गराउने।

२८. माथि तोकिए बमोजिमका कार्यहरुमा समन्वय गर्ने जिम्मेवारी लिई जवाफदेहिता समेत वहन गर्ने।

२९ गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

(ख) गाउँ प्रहरी सहायक निरीक्षकले गाउँ प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन-पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ५ (क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपर्नेछ भने गाउँ प्रहरी जवानहरुले गाउँ प्रहरी सहायक निरीक्षकको नेतृत्वलाई स्वीकार्नु र सहयोग गर्नुका अलावा माथि दफा ५(क) मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नुपनेछ।

## परिच्छेद ४

## पदपूर्ती र योग्यता

**६. पदपूर्ती गर्ने तरिकाः** गाउँ प्रहरी सेवा करारमा राख्ने प्रयोजनका लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ।

(१) गाउँ प्रहरी को छनौट प्रतियोगिताद्वारा हुनेछ । यसरी हुने प्रतियोगिताद्वारा छनौट गर्दा गाउँ प्रहरीलाई समावेशी वनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये पैतासिल प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुटाछुटै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(क) महिलाः ४० प्रतिशत

(ख) आदिवासी जनजातिः २० प्रतिशत

(ग) मधेशीः २० प्रतिशत

(घ) दलितः १० प्रतिशत

(ङ) अल्पसंख्यकः १० प्रतिशत

(२) गाउँ प्रहरी को पदपूर्तिका लागि देहाय बमोजिमका एक पदपूर्ति समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | अध्यक्ष |
| (ख) जिल्ला प्रहरी/ स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| (ग) गाउपालिकाको तोकेको विज्ञ प्रतिनिधि | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्रशासन हर्ने अधिकृत स्तरको कर्मचारी | सदस्य सचिव |

(३) पदपूर्ति गर्ने परीक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

(क) छोटो सूचीः गाउँ प्रहरीमा दरखास्त दिने उम्मेदवारहरुको शैक्षिक योग्यता, स्थायी बसोवास, कार्य अनुभवलाई आधार मानी छुट्टा छुट्टै अंक निर्धारण गरी उम्मेदवारहरुको छोटो सूची प्रकाशन गरिनेछ ।

(अ) शैक्षिक योग्यताको लागि माथिको योग्यतालाई प्राथमिकता दिइनेछ । जसअन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनुको अंक ४०, प्रथम श्रेणीको अंक ३५, द्वितीय श्रेणीको अंक ३०, तृतीय अंक अंक २५ कायम गरिनेछ ।

(आ) स्थानीय बासिन्दाको लागि पूर्णाङ्क १० रहनेछ। राजगढ गाउँपालिकाको बासिन्दा भए १० (दश) अंक, सम्बन्धित जिल्लाको बासिन्दा भए ४ अंक अन्य क्षेत्रको भएमा शून्य अंक प्रदान गरिनेछ।

(इ) पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल भई कम्तिमा ५ (पाँच) वर्ष सेवा गरेकोलाई ५ अंक प्रदान गरिनेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी सम्बन्धित निकायबाट तोकिएको सेवाको अनुभव पत्र सँगै बुझाउनु पर्नेछ ।

(ख) शारीरिक परीक्षण : छोटो सूचीमा परेका उम्मेदवारहरूलाई मात्र शारीरिक परीक्षणको लागि दफा ७ को उपदफा १ को (ङ), (च), (छ) र (ज) तथा जस्ता उपदफा १ को (ङ), (च), (छ) र (ज) लाई आधार मानिनेछ। शारीरिक परीक्षणको लागि कुनै पनि अंक प्रदान गरिनेछैन तर आधारहरुमा सबैमा उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण भए पश्चात मात्र उम्मेदवारहरूलाई लिखित परीक्षामा समावेश गरिनेछ ।

राजगढ गाउँपालिका

(ख) लिखित परीक्षा : लिखित परीक्षाको लागि पदपूर्ति समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर बस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(ग) अन्तरवार्ता : अन्तरवार्ताको लागि पूर्णाङ्क ३० रहनेछ। यस अनुसार अंक प्रदान गर्दा न्युन्तम १२ र अधिकतम २१ अंकको सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) समितिले एक जना अध्यक्ष वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र सम्बन्धित विषयको बिषय विज्ञ रहने गरी कम्तिमा ३ सदस्य रहेको अन्तरवार्ता समिति गठन गर्नुपर्नेछ ।

(५) पदपूर्ति समितिको, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षाको पाठ्यक्रम निर्धारण तथा प्रश्नपत्र तयार, विज्ञापन, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(ख) दरखास्त फारम उपर छानविन गर्ने ।

(ग) छनौटका लागि कार्यतालिका बनाउने ।

(घ) योग्यताक्र सूची तयार गर्ने ।

(ङ) नियुक्ति लागि सिफारिस गर्ने ।

**७. योग्यताः** (१) गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्:

(क) दरखास्त आह्वान भएको अन्तिम म्याद सम्ममा उमेरमा घटीमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको, अवकाश प्राप्त सुरक्षाकर्मीहरुको हकमा ४५ वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पदभन्दा माथि कम्तिमा ८ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै सार्वजनिक सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाइ ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाइ ५ फिट उचाइ भएको ।

(च) छाती नफुलाउदा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्विकृत चिकित्सकबाट निरोगीताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

(२) गाउँ प्रहरी हवल्दार पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले भाग लिन सक्नेछन्:

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा उमेरमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको, अवकाश प्राप्त सुरक्षाकर्मीहरुको हकमा ४५ वर्ष ननाघेको

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १० कक्षा उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाई ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाई ५ फिट उचाई भएको।

(च) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(छ) आँखा माइनस २ भन्दा बढी कमजोर नभएको।

(ज) स्वीकृत चिकित्सकबाट निरतिरोधता प्रमाणपत्र पाएको।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

(३) गाउँ प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएका व्यक्तिहरूले भाग लिन सक्नेछन्:

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा उमेरमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको, अवकाश प्राप्त सुरक्षाकर्मीहरुको हकमा ४५ वर्ष ननाघेको

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट आधारभूत तह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाई ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाई ५ फिट उचाई भएको।

(च) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(छ) आँखा माइनस २ भन्दा बढी कमजोर नभएको।

(ज) स्वीकृत चिकित्सकबाट निरतिरोधता प्रमाणपत्र पाएको।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

राजगढ गाउँपालिका

## परिच्छेद ५

## विज्ञापन, दरखास्त सिफारिस नतीजा तथा नियुक्ति सम्बन्धी व्यवस्था

**८. विज्ञापन सम्बन्धी व्यवस्थाः** समितिले गाउँ प्रहरी पदपूर्तिको लागि विज्ञापन गर्नुपर्दा अनुसूची-१ बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको स्थानीय दैनिक पत्रिका, सूचना पाटी, वेबसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहित सूचना प्रकाशन गर्नु पर्नेछ।

**९. दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्थाः** प्रकाशित बमोजिम उम्मेदवारहरुले अनुसूची २ बमोजिमको दरखास्त फाराम भरी कार्यालयमा बुझाउनु पर्दछ। दरखास्त फाराम भर्ने उम्मेदवारहरु समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नु पर्नेछ। खुला र समावेशी तर्फ दुवैमा दरखास्त फारम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ। दरखास्त फाराम भरिसकेपछि उम्मेदवारले अनुसूची ३ बमोजिमको प्रवेश पत्र पाउनुहुनेछ।

**१० नतीजा प्रकाशन र सूचित गर्नुपर्नेः** समितिले योग्यतम निर्वाचन गरी सोही बमोजिम सूचित समेत गरी गाउँ प्रहरी कर्मचारी छनौट भएको नतिजा स्थानीय दैनिक पत्रिका, गाउँ पालिकाको सूचना पाटी, वेबसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्नेछ। यसरी नतिजा प्रकाशन र सूचित गरेको वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको दोब्बर संख्यामा गर्नु पर्नेछ ।

**११. सिफारिस तथा नियुक्ति :** दफा १० बमोजिमको कार्य सम्पन्न भए पश्चत पदपूर्ती समितिले नियुक्ति लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउ कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ती दिइनेछ ।

## परिच्छेद ६

## करार सम्बन्धी व्यवस्था

**१२. करार गर्ने** : (१) गाउँपालिकाले छनौट गरेको मुख्य उम्मेदवारलाई १५ (पन्ध्र) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र करार सम्झौता आउने सुचिकृत उम्मेदवारलाई कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राखन नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पछि अनुसूची ५ बमोजिमको पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्द ६ महिना देखि बढीमा १ वर्षसम्मका लागि मात्र गर्नुपनेछ । तर उक्त पदले गर्नु पर्ने काम समाप्त भएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थायी तहले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डा निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपालिकाको निर्णय अनुसार सेवा म्याद थप गरिनेछ ।

(६) गाउँ प्रहरी कर्मचारीले सम्झौता करार गर्न नचाहेमा कम्तीमा १ (एक महिना) अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त्य गरिदिएमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन ।

(७) यस दफा विपरीतको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलब भत्ताबाट कट्टा गरी असुल उपर गरिनेछ।

**१३. कार्य शर्त, पारिश्रमिक अवधि :** (१) यस कार्यविधि बमोजिम सेवा सम्झौता गरिएका गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। स्थानीय भत्ता पाउने स्थानामा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख हुने भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

(३) कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रिमक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाइ सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नुपनेछ।

(४) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन।

(५) उपदफा (१) बमोजिम करार काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन ।

राजगढ गाउँपालिका

**१४. करार समाप्तीः** (१) करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यलयले सिफारिस गरेमा गाउँपालिका अध्यक्षले आवश्यक छानविन गर्न लगाई सफाईको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ ।

## परिच्छेद-७

**१५. गाउँ प्रहरीको सेवा र सुविधाः** गाउँ प्रहरीको चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा गाउँपालिकाले बेला बेलामा निर्णय गरी तोके बमोजिम हुनेछ ।

**१६. बिदाः** गाउँ प्रहरीको करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य बिदाको विषयमा कार्यपालिकाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

**१७. पोशाकः** गाउँ प्रहरीले ड्यूटी समयमा लगाउने पोशाक कार्यपालिकाले तोके बमोजिम हुनेछ। ड्यूटी समयमा त्यस्तो पोशाक अनिवार्य रूपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ।

**१८. ड्यूटी अवधिः** गाउँ प्रहरीको ड्यूटी अवधि बिहान ६ बजेदेखि बेलुकी ८ बजेसम्मरहनेछ । प्रत्येक गाउँ प्रहरीले तालिका बमोजिम रूपमा कम्तिमा १० घण्टा ड्यूटि गर्नुपर्ने समय मिलाइनेछ ।

**१९. व्याख्या, खारेजी वा वचाउ गर्ने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपर्नेमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

**२०. अमान्य हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरू संघिय वा प्रादेशिक वा राजगढ गाउँपालिकाको स्थानीय कानूनसँग बाझिएमा हदसम्म अमान्य हुनेछन् ।

राजगढ गाउँपालिका

## अनुसूची-१

(दफा ८ सँग सम्बन्धित विज्ञापनको ढाँचा)

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी,

मधेश प्रदेश, नेपाल

गाउँ प्रहरी सेवा सम्बन्धी लिने सूचना।

( सूचना प्रकाशन मिति : ........................................ )

राजगढ गाउँपालिकाको स्वीकृत दरन्दी बमोजिम कार्यपालिकाको मिति........................... को निर्णयानुसार देहायको पद संख्या र योग्यता भएको गाउँ प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र कार्यालय समयभित्र गाउँपालिकाको राजश्व शाखामा तोकिएको राजस्व दाखिला गरी राजश्व रसिद सहित दरखास्त दिनुहुन सम्वन्धित सवैको लागी यो सूचना प्रकाशन गरिएको छ।

<u>योग्यता</u>

**(१) गाउँ प्रहरी सहायक निरीक्षक लागिः**

(क) दरखास्त आह्वान भएको अन्तिम म्याद सम्ममा घटीमा २१ वर्ष पुगेको र ४० वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, वा कम्तिमा ८ कक्षा पास भई पूर्व नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको जवान पदभन्दा माथि कम्तिमा ८ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै सार्वजनिक सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाइ ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाइ ५ फिट उचाइ भएको ।

(च) छाती नफुलाउदा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।

(छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) स्विकृत चिकित्सकबाट निरोगीताको प्रमाणपत्र पाएको ।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**(२) गाउँ प्रहरी हवल्दार पदको लागिः**

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा उमेरमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १० कक्षा उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाई ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाई ५ फिट उचाई भएको।

(च) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(छ) आँखा माइनस २ भन्दा बढी कमजोर नभएको।

(ज) स्वीकृत चिकित्सकबाट निरतिरोधता प्रमाणपत्र पाएको।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

**(३) गाउँ प्रहरी जवान पदको लागिः**

(क) दरखास्त आह्वान भएको अन्तिम म्यादसम्ममा उमेरमा १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट आधारभूत तह उत्तीर्ण गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) पुरुष उम्मेदवारको लागि उचाई ५ फिट २ इन्च र महिला उम्मेदवारको लागि उचाई ५ फिट उचाई भएको।

(च) छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(छ) आँखा माइनस २ भन्दा बढी कमजोर नभएको।

(ज) स्वीकृत चिकित्सकबाट निरतिरोधता प्रमाणपत्र पाएको।

(झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

**२. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता (लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गर्ने सबै प्रतिलिपिहरूको पछाडि उम्मेदवारले स्वयं हस्ताक्षर गरी प्रमाणित गर्नुपनेछ ।पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ।

**३. परीक्षाको किसिमः** शारीरिक परीक्षण, लिखित र अन्तर्वार्ता।

**४. परीक्षा केन्द्रः** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**५. दरखास्त दस्तुरः** तह अनुसार तोकिनेछ

**६. तलब स्केलः** गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची - २

(दफा ९ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी,

मधेश प्रदेश, नेपाल

## करारको लागि दरखास्त फारम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

दरखास्त फाराम भर्न चाहेको पद :-

विज्ञापन नम्बर :-

फारम पेश गरेको कार्यालय :-

### क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| वैयक्तिक विवरण | नाम | (देवनागरीमा) | | |
| | थरः | अंग्रेजी ठुलो अक्षरमा | | लिङ्गः |
| | नागरिक्ता नं. | | जारी गर्ने जिल्लाः | जारी मितिः |
| स्थायी ठेगाना | जिल्लाः | | गा.पा./न.पा. | वडा नं. |
| | टोलः | | घर/मार्गः | सम्पर्क नं. |
| पत्राचार गर्ने ठेगानाः | | | इमेलः | |
| बाबु, आमाको नाम थरः | | | जन्म मितिः | |
| बाजेको नाम थरः | | | हालको उमेरः वर्ष महिना | |

**(ख) शैक्षिक योग्यता / तालिम** (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि / तालिम | संकाय | श्रेणी / प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

### (ग) अनुभव सम्बन्धी विवरणः

| कार्यालय | पद | सेवा/समूह/ उपसमूह | श्रेणी/ तह | स्थायी / अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै कारण पाएको छैन । कुनै कुरा ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुनेछु बुझाउनेछु ।उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्टहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लेखित सर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्यापचे सहिछाप | | उम्मेदवारको दस्तखत र मितिः |
|---|---|---|
| | | |
| दायाँ | बायाँ | |
| कार्यालयले भने : | | |
| रसिद/ भौचर नं. | | रोल नं. : |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजू गर्नेको नाम र दरखास्तः | | दरखास्त स्वीकृत गर्नेको नाम र दरखास्तः |

(दृष्टव्यः दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि ।

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

अनुसूची - ३

(दफा ९ सँग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी,

मधेश प्रदेश, नेपाल

**गाउँ प्रहरी परीक्षा प्रवेशपत्र**

(.....................................पदको भर्ना प्रतीयोगितात्मक परीक्षाको लागि)

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुख देखिने फोटो र फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

(क) विज्ञापन मिति :-

(ख) विज्ञापन नं. :-

(ग) दर्ता नम्बर :-

(घ) नाम र ठेगाना :-

(ङ) उमेर :-

(च) श्रेणी, तह :-

(छ) उम्मेदवारको दस्तखत नमूना :-

(ज) भर्ना छनौट शाखाका सम्बन्धित कर्मचारीले भर्ने :-

यस कार्यालयबाट लिने उक्त पदको परीक्षामा तपाईंलाई अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपूगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसकने छ ।

परीक्षा केन्द्र :-

अधिकृतको दस्तखत :-

मिति :-

अनुसूची ४

(दफा १२ (२) सँग सम्बन्धित कर सम्बन्धित करार सम्झौताको ढाँचा)

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी,

मधेश प्रदेश, नेपाल

## करार सम्झौता

राजगढ गाउँ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ......................................... जिल्ला ........................................................ नगरपालिका/ गाउँपालिका, वडा नं. ...... वस्ने श्री ...................... (यसपछि दोस्रो पक्ष भनेको का बीच राजगढ गाउँपालिकाको गाउँ प्रहरी को कामकाज गर्न गराउन मिति ......... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं / दियौं ।

**शर्तहरू**

**१. कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ ।

**२. काम गर्नुपर्ने स्थानः** राजगढ गाउँपालिका भौगोलिक क्षेत्रभित्र ।

**३. करारमा काम गरे पाउने परिश्रम तथा सेवा सुविधाः** प्रत्येक महिना व्यति भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रूपमा रु......... (अक्षरेपी रु ..............................) पारिश्रमिक उपलब्ध गराउनेछ। सेवा सुविधाको हकमा भने गाउँपालिकाले तोके बमोजिम हुन्छ ।

**४. आचरणको पालनाः** दोस्रो पक्षले राजगढ गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुसाशन सम्वन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

**५. बिदा :** सेवा करारमा नियुक्त गाउँ प्रहरीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन । कानूनको अुनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिज वाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य बिदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

**६. कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हानीमा गरेमा सो को क्षतिपुर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

**७ गोपनीयता :** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करार बाट हटाई सोवाट भएको हानी नोक्सानीको क्षतिपुर्ति दोस्रो पक्षबाट भराइनेछ र कालो सूचीमा समेत राखी कानून बमोजिम कारवाही गरिनेछ ।

**८. करार अवधि :** यो करार मिति........................................ देखि लागू भई मिति................................ सम्मको लागि हुनेछ ।

**९. कार्यसम्पादन मूल्यांकन :** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १२(५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

**१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :** दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो सम्झौता रद्द हुनेछ । यो सम्झौता पहिलो पक्षले रद्द गरि अर्को व्यवस्था गर्न बाधा पर्ने छैन ।दोस्रो पक्षले शारीरिक रूपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा असम्भव भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्वन्धी कुराहर बारम्बार उल्लंघन गरेमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

**११. दाबी नपुग्नेः** दोस्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनी पदमा अस्थायी वा स्थायी नियुक्ति लागि दाबी गर्न पाउने छैन र गर्ने छैन ।

**१२.प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट : | दोस्रो पक्ष (करार गर्ने व्यक्ति)ः |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम, थर : | नाम, थर : |
| पद : | पद : |
| | ठेगाना : |

साक्षीहरु

हस्ताक्षर :

नाम, थरः

पद :

इति सम्वत् ..................................रोज ......................... शुभम्..............................|

अनुसूची ५

(दफा १२ (३) को सम्बन्धित पत्रको ढाँचा)

राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी,

मधेश प्रदेश, नेपाल

प.सं. मिति :

च.नं.

श्री......................................,

............................................

**विषयः नियुक्ति सम्बन्धमा ।**

तपाईलाई २०८..../.................... निर्णयानुसार सूचिकरण गरिए बमोजिम .................... (पदको नाम वा काम) का लागि यसै साथ संलग्न करार (सम्झौता) बमोजिम २०८..../.........../........ देखी २०८..../.........../........ सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरूप आफ्नो काम इमानदारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरूप गर्नुहुन जानकारी गराइन्छ । साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस भ्याली गाउँपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता र आचरणको समेत पालना गराउनुहुन जानकारी गराईन्छ ।

नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

(१) श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर र कार्यविवरण सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनुहुन।

(२) श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

राजगढ गाउँपालिका ,सप्तरी